# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# दोस्रो विशेष साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको दोस्रो विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष प्रदीपजङ्ग पाण्डेज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति :- २०७१ साल आषाढ ९ गते (जुन २३, २०१४), सोमबार
स्थान :- अमृत भोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं
समय :- विहानः ११.०० बजे

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको दोस्रो विशेष साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै २०७१/०२/२३ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा र २०७१/०२/२५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको विषयहरु

### क. एक वा एक भन्दा बढी उपर्युक्त बैंक तथा वित्तिय संस्थाहरु प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा

सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेडले एक वा एक भन्दा बढी उपर्युक्त बैंक तथा वित्तीय संस्थाहरु प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लाथि उपर्युक्त वित्तीय संस्थाहरुको पहिचान गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन गर्ने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखा परीक्षकहरु नियुक्त गर्ने तथा प्राप्ति (एक्विजिसन) सँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण कार्य, प्रकृयाहरु पूरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन कम्पनीको संचालक समितिलाई अधिकार प्रत्यायोजन गरी सम्पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पारित गर्ने ।

ख. बैंकको प्रवन्धपत्रमा संशोधन गर्ने ।

<u>प्रबन्धपत्रको ४ सँग सम्बद्ध संशोधन</u>

| क.स | साबिक | संशोधित | औचित्य |
|---|---|---|---|
| १ | ४. <u>बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :</u> | ४. <u>बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :</u><br><br>(कग) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रहि संगठित संस्थाहरुको शेयर तथा डिवेञ्चर/वण्डमा लगानी गर्ने । | बैंकको लगानीका क्षेत्रलाई विस्तार गरी बैंकको मुनाफा बृद्धि गर्न सहयोग पुग्ने भएको हुँदा थप गर्नु पर्ने । |

ग. संस्थापक समूह पुनरवर्गीकरण सम्बन्धमा ।

मिति २०७० असोज १ गते वसेको सातौं साधारण सभा तथा नेपाल राष्ट्र बैंक र अन्य नियमन निकायवाट समेत स्वीकृति प्राप्त भएपछि संस्थापक समूहको कूल ७० प्रतिशत शेयर मध्ये ५१ प्रतिशत मात्र संस्थापक समूहमा राखी वांकी १९ प्रतिशत संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गरिसकिएको र प्रचलित कानूनको अधिनमा रही संस्थापक समूहको शेयरहरु खरिद बिकी हुंदा एउटै शेयरधनीको नाम विभिन्न संस्थापक समूहहरुमा कायम हुन गएको परिप्रेक्ष्यमा एउटै संस्थापक शेयरधनी एउटै समूहमा कायम गर्नु उपयुक्त देखिएबाट संस्थापक समूहलाई पूनरवर्गीकरण गर्नु पर्ने आवश्यकता देखिएकोले संचालक समितिको मिति २०७० चैत्र २३ को वैठकले आगामी साधारण सभावाट अनुमोदन गर्ने गरी संस्थापक शेयरधनीहरुको समूहलाई संलग्न वमोजिम पुनरवर्गीकरण गर्ने निर्णय गरेको हुंदा सो को अनुमोदन गर्ने ।

घ. विविध

५. उपस्थिति

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री प्रदीपजङ्ग पाण्डे | अध्यक्ष |
| २. | श्री बालकृष्ण प्रसाई | व्यवसायिक सञ्चालक |
| ३. | श्री मनोहर दास मूल | सञ्चालक |
| ४. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ५. | श्री अर्जुनलाल राजबंशी | सञ्चालक |

५.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

५.३ शेयरधनीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | ३१५ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : | ८३ |
| ३. | जम्मा उपस्थित संख्या : | ३९८ |

६.	**गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ६१,७२१ | ३९८ | ५४.३४ प्रतिशत |
| समूह "क" अर्न्तगत उप-समूह १,२,३,४,५ | २२५ | ७० | ४०.६९ प्रतिशत |
| सर्वसाधारण समूह "ख" समूह | ६१,२७१ | २६५ | ०.६६ प्रतिशत |
| सर्वसाधारण समूह "ख१" समूह | २२५ | ६३ | १२.९९ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कूल कित्ता | २,१०,१८,४०० | | १००.०० प्रतिशत |

## ७.	सभाको वैधानिकता र सभाको सभापतित्व

७.१	कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको दोस्रो विशेष साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ३१५ भएका र प्रोक्सी मार्फत ८३ गरि कुल शेयरको ५४.३४ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२	बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउंदै विहान ११:०० बजे अध्यक्ष प्रदीपजङ्ग पाण्डेज्यूको सभापतित्वमा बैंकको विशेष साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३	सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

## ८.	विशेष साधारण सभाको प्रस्तुती :

१.	सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

## ९.	छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

९.१	प्रस्तुत गरिएको छलफलका उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञाषा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. व्यास कुमार शर्मा
२. अशोक उप्रेती
३. अमृत नाथ रेग्मी
४. दामोदर प्रसाद रेग्मी
५. उद्धव प्रसाद घिमिरे
६. डा. माधव कुमार श्रेष्ठ
७. भक्ति प्रसाद उप्रेती
८. बैजु नाथ रौनियार
९.डमरु बल्लभ घिमिरे
१०. शिव प्रसाद शर्मा
११. रोज कुमार श्रेष्ठ
१२. ईश्वर दाश कर्माचार्य

## १०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो। बैंकको संचालक समितिद्वारा प्रस्तुत गरिएको छलफलका विषयहरु माथि टिप्पणी गर्दै बैंकले प्राप्ति (एक्विजिसन) सम्बन्धी विषयमा बैंकको हितका लागि शेयरधनी वक्ताहरुले आ–आफ्ना तर्फवाट सुझाबहरु प्रस्तुत गर्नु भयो। साथै, प्राप्ति गर्नका लागी उपयुक्त वित्तिय संस्था पहिचान गर्दा बैंकले आफ्नो र आफ्ना शेयरधनीहरुको हितलाई ध्यानमा राख्नु पर्ने कुरा प्राय सवै शेयरधनी वक्ताहरुले बैंकको संचालक समितिको ध्यानाकर्षण गराउनु भयो।

## ११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ।

### व्यास कुमार शर्मा

प्राप्ति सम्बन्धमा पहिले धेरै जिज्ञासाहरु थिऐ तर धेरै सवालहरु अध्यक्षको उद्घोषणबाट स्पष्ट भएको छ। संस्था प्राप्ति बाट शेयरधनीहरुलाई सुविधा हुने आशा राखेको छु। वित्तीय संस्था प्राप्तिमा संचालक समिति सचेत भई अघि बढ्नु का साथै आपसी समझदारीका साथ अघि बढ्नु पर्ने देखिन्छ। Due Diligence Report विश्वशनीय नभएको देखिएकोले Due Diligence Report राम्रो सँग हेरेर अघि बढ्नु पर्ने सुझाव दिनुका साथै प्राप्ति हुने संस्थाको मानव संसाधनको विषयमा विशेष ध्यान पुऱ्याउन पर्ने आवश्यकतामा जोड दिनुभयो।

### अशोक उप्रेती

आफ्नो विश्वशनियता कायम गर्दै सर्वसाधारण शेयरधनी सामु प्राप्ति गर्ने ईच्छा बैंकले राखेको हुनाले सो इच्छा पूरा गर्ने हामी शेयरधनीहरुको रहेको जिकिर गर्नुभयो। मानव संशाधन सम्बन्धी कुराको राम्ररी विचार गनुपर्ने कुरामा जोड दिनुभयो।

**अमृत नाथ रेग्मी**

नेपाल राष्ट्र बैंकले प्राप्ति को रणनीति अघि सा¥यो तर हामीले अली हतार ग¥यौ जस्तो मलाई लागेको छ । राम्रो पक्षको लागी ढोका खुल्ला राख्नु प¥यो । Citizens Capital, Citizens Chairty and Citizens Mutual Fund को व्यवस्था गरौ । अध्यक्षज्यूको तर्फबाट राम्रो Project सर्वसाधारण समक्ष ल्याउन अनुरोध गर्दछौ । हाम्रो बैंकको तर्फबाट एउटा हाईड्रो पावर पनि ल्याउनु प¥यो । प्राप्ति गर्न अरु संस्थाहरुको लागि पनि ढोका खोल्नु प¥यो ।

**दामोदर प्रसाद रेग्मी**

नेपाल राष्ट्र बैंकले प्राप्तिको रणनितिलाई अघि सारे पछि बैंकिङ्ग क्षेत्रको ईतिहासम सिटिजन्स बैंक पहिलो बैंक हो जसले यो बमोजिम प्राप्तिको Process अगाडि सारेको जुन सराहनीय छ । प्राप्ति गर्दा प्राप्ति गर्ने संस्थाको Performance, Reserve राम्ररी हेनुपर्ने हुन्छ । प्राप्ति गर्ने भन्दैमा कोडीको दाममा लिनु भएन । हाम्रो बैंकको शेयरधनीहरु प्राप्ति हुने संस्थाको शेयरधनी पनि हुने हुनाले दुवै पक्षको शेयरधनीहरुको हितमा रहेर कार्य गर्नु पर्ने देखिन्छ । प्राप्ति गर्दा Due Diligence Report हेरेर गर्ने हुनाले Due Diligence Report सही छ की छैन भन्ने हेर्नु प¥यो ।

**उद्धव प्रसाद घिमिरे**

नेपाल राष्ट्र बैंकले ल्याएको प्राप्तिको रणनीति राम्रो छ । यो रणनिति अन्य देशहरुको लागी पुरानो भएता पनि नेपालको सन्दर्भमा भने नयाँ हो । यो रणनिति नेपाल राष्ट्र बैंकले पहिलेनै ल्याउनु पर्ने थियो । प्राप्ति हुने संस्थाको कार्य Non Performing Assets शुन्य छ भन्दैमा सबै कुरा राम्रो हुन्छ भन्ने हुदैन त्यसैले त्यो संस्थाको अन्य कुराहरु पनि राम्ररी हेर्नुपर्ने आवश्यक देखिन्छ । प्राप्ति पश्चात पनि बैंकले आफ्नो शेयरधनीहरुलाई दिदै आएको लाभांश निरन्तरता दिनु पर्छ । Swap Ratio कति हुन्छ त्यो पनि खुलाईदिनु भएको भए राम्रो हुने थियो । प्राप्ति पश्चात कर्मचारीहरुको योग्यता अनुसार मात्र प्राप्त गरेको संस्थाका कर्मचारीहरुलाई यस बैंकमा गाभ्नु ठिक हुन्छ । यहाँहरुले गर्न लाग्नु भएको प्राप्ति आजको सन्दर्भमा एकदम जरुरी भएको देखिन्छ ।

**डा. माधव कुमार श्रेष्ठ**

प्राप्ति सम्बन्धि नियम, जानकारी र त्यस सम्बन्धि गरिएको विश्लेषणहरु अधुरो रहेको पाएँ । त्यस सम्बन्धि पुरा जानकारी प्राप्त गर्न पाएको भए राम्रो हुने थियो । संचालक समिति तथा प्रमुख कार्यकारी अधिकृत सर्वश्रेष्ठ हुनुपर्छ जसले गर्दाखेरि शेयरधनीहरुको प्रतिफलमा पनि सकारात्मक वृद्धि कायम रहन्छ । यसका साथै शेयरधनीहरु तथा नियमन निकायहरु पनि शत प्रतिशत Vigilant रहनु पर्छ । हालाकि पूँजी वृद्धिको प्रत्यक्ष असर नाफामा पर्न जान्छ तर पनि शेयरधनीहरुको प्रतिफललाई पनि उत्तिकै जरुरी ठान्नु पर्दछ । मानव संशाधन लाई ध्यानमा नराख्दा मर्जर र प्राप्ति असफल हुन सक्ने हुनाले सो कुरामा ध्यान पु¥याउनु पर्ने देखिन्छ ।

**भक्ति प्रसाद उप्रेती**

मर्जरको अख्तियारी पछिल्लो बार्षिक साधारण सभा मार्फत संचालक समिति लाई सुम्पिसकेको परिप्रेक्ष्यमा प्राप्ति लाई बैंकले Feasible देखेर यो विशेष साधारण सभा बोलाईएको थाहा पाँए । अध्यक्षज्यूको सम्बोधनमा प्राप्ति सम्बन्धि धेरै कुराहरु स्पष्ट पारिएको पाँए । यस साधारण सभाको निर्णय बनाउँदा अध्यक्षज्यूले भन्नुभएका सबै बुँदाहरु समावेश गरिनुपर्छ । प्राप्तिको सम्बन्धमा संस्थागत सुशाशन कायम रहने गरी अन्य बैंक तथा वित्तिय संस्था छान्नु पर्ने देखिन्छ । साथै, प्राप्ति पश्चात आफ्नो हाल कायम रहेको कर्मचारी वर्गको मनोवलमा कुनै नकारात्मक असर नपर्ने गरी

अन्य बैंक तथा वित्तिय संस्थाको कर्मचारीहरुलाई समायोजन गर्नु पर्दछ । शेयरधनीहरु तथा सर्वसाधारण समक्ष यस बैंकको छवि राम्रो रहेको छ ।

**बैजु नाथ रौनियार**

बैंकको शेयरधनीहरुलाई मर्का नपर्ने गरी प्राप्ति गर्नु पर्दछ । साथै, प्राप्तिमा जादाँ हाम्रौ बैंकको Interest लाई ध्यानमा राखेर मात्र प्राप्ति गर्नु पर्दछ । प्राप्ति पश्चात पनि बैंकको वित्तीय नतिजामा नकारात्मक प्रभाव नपारिकन शेयरधनीहरुलाई दिई आएको प्रतिफल कायम गर्नु पर्दछ ।

**डमरु बल्लभ घिमिरे**

बैंकले आज प्राप्ति सम्बन्धि अख्तियारी संचालक समिति मा निहित गरेर मर्जर तथा प्राप्ति दुवैको लागी बाटो खुल्ला गरेको छ । यस बैंकले ८ बर्षमा कमाएको Goodwill लाई नकारात्मक असर नपार्ने गरेर मात्र मर्जर वा प्राप्ति गर्नु पर्दछ । प्राप्ति गर्दा संलग्न पार्टीहरु बीच Win-Win situation हुने गरी मात्र प्राप्ति गर्नु पर्दछ । कर्मचारी हरुको हक हितमा समेत ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । प्राप्ति को लागी गरिने Due Diligence Audit (DDA) लाई राम्रोसँग नियालेर सबै कुरा जान्नु पर्दछ ।

**शिव प्रसाद शर्मा**

कर्मचारी सँग सम्बन्धित सैद्धान्तिक शिक्षाले मात्र पुग्दैन कर्मचारीहरुमा भावनात्मक शिक्षाको पनि विकास गनुपर्ने जरुरी देखिन्छ । प्राप्ति हुने संस्थाको कर्मचारीहरुको बानी व्यवहार के कस्तो छ त्यो पनि हेर्नु पर्ने जरुरी देखिन्छ किनकी नराम्रो मान्छेले गर्दा राम्रो मान्छे पनि बिग्रिन सक्ने डर हुन्छ ।

**रोज कुमार श्रेष्ठ**

पहिलेको बार्षिक साधारण सभामा मर्जर को मात्र कुरा राखेको हुदाँ प्राप्तिको निम्ति विशेष साधारण सभा गर्न कर लाग्यो । कर्मचारी भर्ना गर्दा कोको लाई दिने भन्ने कुरामा गाऱ्हो पर्न जान्छ तर हाम्रो बैंकमा स्नातक तह पास नगरेका कर्मचारीहरुलाई भर्ना नगर्ने हुनाले प्राप्ति गरिएको संस्थामा रहेका स्नातक तह पास नगरेका कर्मचारीहरुलाई नलिने निर्णय स्वीकार गरियो । प्राप्तिको कारणले गर्दा आगामी बर्षहरुमा हाम्रो बैंकले दिने प्रतिफल कम हुदैन भन्ने आशा राखेको छु । प्राप्ति पछि चूक्ता पूँजी कति हुन्छ भन्ने कुरा खुलाईदिनुभएको भए राम्रो हुने थियो ।

**ईश्वर दाश कर्माचार्य**

आजको परिप्रेक्ष्यमा मर्जर एकदमै आवश्यक देखिन्छ । प्राप्तिको अवधारण एकदमै स्वागत योग्य छ । अति आवश्यक पुर्वाधारहरुको विकास गनुपर्ने आवश्यक देखिन्छ । प्राप्ति गर्नु पुर्व नउठेको ऋणहरु, स्थिर सम्पत्ति हरु र संचालक समितिको संरचना कस्तो छ भन्ने कुराको राम्ररी ध्यान दिनु पर्ने देखिन्छ ।

## १२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ :

बैंकका अध्यक्षज्यूले प्रस्तुत विषयहरु उपर शेयरधनी महानुभावहरुले दिनु भएको सुझावहरु सराहनीय भएको र उक्त सुझावहरुलाई मध्यनजर गर्दै प्राप्ति (एक्विजिसन) सम्बन्धी निर्णयहरु लिइने प्रतिबद्धता जाहेर गर्नुभयो । साथै, दुवै पक्षहरुको स्पष्ट धारणाले राजीखुसी प्राप्ति गर्न लागिएको र भविष्यमापनि सोहि अनुरुप प्राप्ति वा मर्जर गरिने जानकारी सभा समक्ष गराउनु भयो । कर्मचारीमा पछि गएर विवादको सिर्जना नहोस भनेर सबै कुराहर स्पष्ट रुपमा खुलाईएको जानकारी समेत सभा समक्ष गराउनु भयो । साथै, अध्यक्षज्यूले भन्नु भएका नीतिगत व्यवस्था अनुरुपनै प्राप्ति गरिने जानकारी

गराउनु भयो ।  Due Diligence Audit (DDA) प्रश्चात मात्र चुक्ता पूँजी, Swap Ratio निर्धारण हुने जानकारी गराउँदै Due Diligence Audit (DDA) लाइ बैंकले राम्ररी अध्ययन गर्ने प्रतिबद्धता समेत जाहेर गर्नुभयो।

## १३. सभाको निर्णय

छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ

क. **एक वा एक भन्दा बढी उपर्युक्त बैंक तथा वित्तीय संस्थाहरु प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेडले एक वा एक भन्दा बढी उपर्युक्त बैंक तथा वित्तीय संस्थाहरु प्राप्ति ( एक्विजिसन) गर्ने प्रयोजनका लाथि उपर्युक्त वित्तीय संस्थाहरुको पहिचान गर्ने, समभ्फदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन गर्ने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखा परीक्षकहरु नियुक्त गर्ने तथा प्राप्ति (एक्विजिसन) सँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण कार्य, प्रकृयाहरु पूरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन कम्पनीको संचालक समितिलाइ अधिकार प्रत्यायोजन गरी सम्पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पारित गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले एक वा एक भन्दा वढी उपयुक्त वित्तीय संस्थाहरु प्राप्ति ( एक्विजिसन) गर्ने प्रयोजनका लागि उपर्युक्त वित्तीय संस्थाहरुको पहिचान गर्ने, समभ्फदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन गर्ने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखा परीक्षकहरु नियुक्त गर्ने तथा प्राप्ति (एक्विजिसन) संग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पूरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे वमोजिमका विवरण उपलव्ध गराउने लगायतका कार्य गर्न गराउन कम्पनीको संचालक समितिलाई अधिकार प्रत्यायोजन गरी सम्पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव निम्न नीतिगत व्यवस्था कायम हुने गरी पारित गर्ने निर्णय गरियो ।

१) बैंकको नाम यथावत कायम राख्ने ।

२) बैंकको हालको संचालक समिति को संरचना यथावत कायम राख्ने ।

३) प्राप्ती गर्ने वित्तीय संस्थाको शेयर मूल्यको सम्बन्धमा आपसी समभ्फदारीवाट कायम भएको मूल्य वा Due Diligence Report बमोजिम कायम हुने मूल्य जुन कम हुन्छ, सो मूल्य कायम गर्ने ।

४) प्राप्ती गर्ने संस्थाले पेश गरेको Due Diligence Report लाई बैंकले आवश्यक परीक्षण गरी सो को यकिन गर्ने ।

५) प्राप्ती गर्ने संस्थामा कार्यरत कर्मचारीहरुका हकमा स्नातक तह वा सो भन्दा बढी योग्यता भएकाहरुलाई नीजहरुले खाईपाई आएको तलब नघट्ने गरी नीजहरुको कार्य क्षमता र कार्य अनुभवको आधारमा बढीमा अधिकृत स्तर सरहको पदमा नयाँ नियुक्ती दिने र स्नातक तहको योग्यता नभएका अन्य कर्मचारीहरु र प्राप्ती गर्ने संस्थामा स्थायी सेवामा रहेका ड्राईभर, पियन, स्वीपर, मेसेन्जर जस्ता पदमा कार्यरत कर्मचारीहरुलाई यस बैंकको स्थायी सेवामा नराख्ने हुदा त्यस्ता कर्मचारीहरुलाई प्राप्ती गर्ने वित्तीय संस्थाको सेवाबाट अवकाश दिने व्यवस्था गर्नु पर्ने ।

ख. बैंकको प्रवन्धपत्रमा संशोधन गर्ने ।

**प्रबन्धपत्रको ४ सँग सम्बद्ध संशोधन**

| क.स | साबिक | संशोधित | औचित्य |
|---|---|---|---|
| १ | ४. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु : | ४. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :<br><br>(कग) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रहि संगठित संस्थाहरुको शेयर तथा डिवेञ्चर/वण्डमा लगानी गर्ने । | बैंकको लगानीका क्षेत्रलाई विस्तार गरी बैंकको मुनाफा बृद्धि गर्न सहयोग पुग्ने भएको हुँदा थप गर्नु पर्ने । |

नेपाल राष्ट्र बैकको स्वीकृति लिई बैंकको प्रवन्धपत्र को दफा ४ अन्तरगत निम्न वमोजिमको उपदफा थप गर्ने निर्णय गरियो ।

(कग) नेपाल राष्ट्र बेंकले दिएको निर्देशनको अधिनमा रहि संगठित संस्थाहरुको शेयर तथा डिवेञ्चर/वण्डमा लगानी गर्ने ।

ग. संस्थापक समूह पुनरवर्गीकरण सम्बन्धमा ।

मिति २०७० असोज १ गते वसेको सातौं साधारण सभा तथा नेपाल राष्ट्र बैंक र अन्य नियमन निकायवाट समेत स्वीकृति प्राप्त भएपछि संस्थापक समूहको कूल ७० प्रतिशत शेयर मध्ये ५१ प्रतिशत मात्र संस्थापक समूहमा राखी वांकी १९ प्रतिशत संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गरिसकिएको र प्रचलित कानूनको अधिनमा रही संस्थापक समूहको शेयरहरु खरिद बिकी हुंदा एउटै शेयरधनीको नाम विभिन्न संस्थापक समूहहरुमा कायम हुन गएको परिप्रेक्ष्यमा एउटै संस्थापक शेयरधनी एउटै समूहमा कायम गर्नु उपयुक्त देखिएबाट संस्थापक समूहलाई पूनरवर्गीकरण गर्नु पर्ने आवश्यकता देखिएकोले संचालक समितिको मिति २०७० चैत्र २३ को वैठकले आगामी साधारण सभावाट अनुमोदन गर्ने गरी संस्थापक शेयरधनीहरुको समूहलाई संलग्न वमोजिम पुनरवर्गीकरण गर्ने निर्णय गरेको हुंदा सो को अनुमोदन गर्ने निर्णय गरियो ।

घ. विविध

यस सभाको निर्णय पुस्तिका (Minutes) मा प्रचलित कानून बमोजिम बैंकका अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गरि अभिलेख गर्ने निर्णय गरियो ।

## १४.   धन्यवाद ज्ञापन तथा सभा विसर्जन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भएकोमा तथा विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै अपरान्ह १२.१० बजे सभा विसर्जन गर्नुभयो ।

--------------
गणेश राज पोखरेल
कम्पनी सचिव

---------------
प्रदीपजङ्ग पाण्डे
अध्यक्ष